# सामुदायिक वन व्यवस्थापनमा गरीबमूखी विशेष भोगाधिकार

✍सुष्मा भट्टराई र प्रकाश कुमार झा

## परिचय

साझा स्रोतको दिगो व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापन पद्दतिलाई एक विकल्पको रूपमा लिइएतापनि सामाजिक, आर्थिक र वितरणको पक्षमा खासै ध्यान नदिइएकाले यो पद्दतिबाट गरीब तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरूको जीविकोपार्जनमा खासै टेवा पुगेको देखिँदैन । सामुदायिक वन (सा.व.) बाट प्राप्त वन पैदावारले उपभोक्ताको माग पूर्ति गर्न नसकेको र उपलव्ध वन पैदावारको न्यायोचित वितरण पनि नभएकाले गरीबी तथा न्यायोचितता सम्वन्धि सवालहरू सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.) मा पर्याप्त रूपमा समाधान भएको देखिँदैन । यसर्थ, वनबाट प्राप्त लाभलाई गरीबहरूको जीविकोपार्जनमा सुधार ल्याउने काममा लगाउनु र न्यायोचितताको अभिवृद्धि गरी सुशासनमा टेवा पुऱ्याउनु सा.व.उ.स.मा मुख्य सुधारको क्षेत्र रहेको छ ।

यस लेखले सा.व.उ.स.का विभिन्न वर्गका उपभोक्ताहरूबीच निरन्तर छलफल चलाई विभिन्न ठाउँको अनुभव आदान प्रदान गरेर सा.व. व्यवस्थापनलाई कसरी न्यायोचित बनाउन सकिन्छ भन्ने कुरा देखाउन खोजेको छ । यसका लागि शरूमा वन सम्बन्धी नीति तथा कार्यक्रमहरू प्रस्तुत गरी गरीबी न्यूनीकरणका लागि न्यायोचितता जरूरी भएको कुरा देखाउँदै यसका लागि सहजीकरण प्रक्रिया आवश्यक रहेकोमा जोड दिइएको छ । लेखमा सा.व.उ.स.मा गरीबमूखी वन व्यवस्थापन पद्दति तथा वन पैदावार र वन व्यवस्थापनबाट प्राप्त अन्य लाभहरूको न्यायोचित वितरणको लागि अपनाइएका नीति नियम तथा अभ्यासहरू पनि प्रस्तुत गरिएको छ । सहजीकरण प्रक्रियाद्वारा सा.व.उ.स भित्र गरीबको लागि विशेष भोगाधिकार, गरीबमूखी वन सम्वर्धन पद्दति र वन पैदावारको न्यायोचित वितरण जस्ता गरीबमूखी प्रावधानहरू संस्थागत गरिएको पाइन्छ । यो लेखले यी उपलव्धीहरूलाई संस्थागत गर्न नीति र अभ्यासहरूमा परिवर्तन गर्नुपर्ने कुरामा समेत ध्यानाकर्षण गरेको छ । लेखमा सहजीकरण प्रक्रिया मार्फत कसरी सा.व. को स्रोत माथि गरीब तथा पछाडि पारिएको वर्गको पहुँच अभिवृद्धि गरी वितरणलाई न्यायोचित बनाउन सकिन्छ भन्ने सन्दर्भमा जीविकोपार्जनका लागि वन कार्यक्रम (एल.एफ.पी.) का अनुभवहरूलाई लिइएको छ ।

## पृष्ठभूमि

वन क्षेत्रको गुरूयोजनाले सा.व. विकास कार्यक्रमलाई सबभन्दा बढी महत्व दिई सहभागितामूलक ढङ्गबाट वन क्षेत्रको विकास तथा व्यवस्थापनमा सहयोग गर्दै स्थानीय जनताका वन पैदावारसँग सम्वन्धित आधारभूत आवश्यकता पूर्ति गर्ने सोच राखेको छ । यसै योजनालाई समेत दृष्टिगत गरी तयार पारिएका वन ऐन २०४९ तथा वन नियमावली २०५१ वमोजिम सरकारले राष्ट्रिय वनक्षेत्रको कुनै भागलाई स्थानीय उपभोक्तालाई व्यवस्थापन तथा दिगो उपयोग गरि उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउन हस्तान्तरण गर्न सक्दछ (HMGN 2002) । आफ्नो विधान आफैं बनाउन सक्ने कानुनी रूपमा स्थापित सा.व.उ.स.हरू वन व्यवस्थापनको विषयमा निर्णय गर्न (Adhikari 2001), कानूनी रूपमा जिल्ला वन कार्यालयमा सहयोगको माग गर्न र अन्य संस्थाहरूसँग सहकार्य गर्न स्वतन्त्र हुन्छन् (Springate-Baginski *et al.* 2003b) ।

सरकारको गरीबी न्युनीकरण रणनीतिक दस्तावेज समेत रहेको दशौं पञ्चवर्षीय योजनाले पनि सा.व.कार्यक्रमबाट वनमा आश्रित गरीब जनताको रोजगारी तथा प्रकृतिक स्रोतको दिगो उत्पादनमा

अभिवृद्धि गर्ने लक्ष्य लिएको थियो (Singh 2002) । यो रणनितिक पत्रले आर्थिक वृद्धिले अवश्य पनि गरीबहरूलाई फाइदा त पुऱ्याउँछ तर अति गरीबहरू, पछाडि पारिएका समूहहरू, आदिवासीहरू, दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने समुदायहरू, महिला घरमूली भएका घरहरू जस्ता समूहलाई विशेष कार्यक्रम सहित लक्षित नगर्ने हो भने गरीबीको जालोबाट उनीहरूलाई आफैं निस्कन कठिन छ या धेरै समय लाग्न सक्छ भनि स्पष्ट रूपमा उल्लेख गरेको थियो ।

प्राकृतिक स्रोत व्यवस्थापन पद्दतिलाई न्यायोचित तथा समन्यायी बनाउन यस्ता पद्दतिहरूबाट प्राप्त स्रोत गरीब तथा पछाडि पारिएका वर्गहरूमा पुऱ्याउन आवश्यक भएकाले (Timsina and Paudel 2003) विभिन्न नीतिगत दस्तावेजहरूमा हाल न्यायोचितताको सवाल उल्लेख गरिएको पाइन्छ । सहस्राब्दी विकास लक्ष्यले गरीबीलाई बहुआयामिक भन्दै यसका विभिन्न आयामहरूसँग जुध्न फरक फरक लक्ष्यहरू लिएको छ । जैविक विविधताको दिगो तथा न्यायोचित उपभोग गरीबी न्यूनीकरण तथा दिगो विकासको लागि महत्वपूर्ण हुनेहुँदा जैविक विविधता महासन्धिमा यसको संरक्षण, दिगो उपभोग र प्राप्त फाइदाको न्यायोचित बाँडफाँट गर्ने मुख्य उद्देश्य राखिएको छ । यी उद्देश्यहरू प्राप्तीका लागि नेपालले जैविक विविधता क्षेत्र रणनीति २००२ बनाई यसलाई कार्यान्वयन गर्न आवश्यक तयारी गरिसकेको छ । दशौं योजनामा पनि जैविक विविधता संरक्षण तथा गरीबी न्यूनीकरणसँग सम्बन्धित मुख्य कार्यक्रमहरूमा वैज्ञानिक वन व्यवस्थापन पद्दति र स्थानीय स्रोतमा गरीब, महिला र पछाडि पारिएका वर्गहरूको पहुँच अभिवृद्धि गर्नमा जोड दिइएको थियो ।

आज नेपालको सा.व. व्यवस्थापनले यसको शुरूवात्को उद्देश्यबाट एक कदम अगाडि बढि विकेन्द्रित तथा दिगो वन व्यवस्थापन पद्दतिको माध्यमबाट गरीबी न्यूनीकरणको राष्ट्रिय एजेण्डामा टेवा पुऱ्याएको पाइएको छ । हाल आएर सा.व.को माध्यमबाट सा.व.उ.स. भित्र गरीब वर्गको लागि जग्गा छुट्ट्याउने, गरीबमुखि वन संम्बर्धन पद्दति अपनाउने र प्राप्त लाभको न्यायोचित बाँडफाँट गर्ने जस्ता केही राम्रा प्रयासहरू पनि भएका छन् । सा.व.उ.स.हरूले गरीबहरूको जीविकोपार्जनका लागि वनमा उनीहरूको पहुँच अभिबृद्धि गरी थप आम्दानी र रोजगारीको सिर्जना गर्न टेवा पुऱ्याई रहेका छन् । यसको उदाहरणको रूपमा म्याग्दीको घोर्लास सा.व.उ.स. र पर्वतको भ्याउरी सा.व.उ.स.लाई लिन सकिन्छ । यी सा.व.उ.स.हरूमा अति गरीब वर्गहरूको छुट्टै उपसमूह बनाइएको छ र ती उपसमूहलाई वन क्षेत्र भित्रको केही जग्गा छुट्याइ जडिबुटी/गैह्रकाष्ठ वन पैदावार लगाइ त्यसबाट प्राप्त लाभ पनि उनीहरूले नै पाउने विशेष व्यवस्था राखेको पाइन्छ (Kanel *et al.* 1999)।

तीन दशकको लामो कार्यान्वयन अनुभवपछि नेपालको सा.व. व्यवस्थापन मध्य पहाडि क्षेत्रको वन व्यबस्थापनको लागि स्थापित पद्दति हुन पुगेता पनि सा.व.उ.स. भित्र गरीब तथा पछाडि पारिएका वर्गमा एकिकृत विकास कार्यक्रम, गरीबमूखी उद्यम स्थापना, वन क्षेत्र भित्र गैह्रकाष्ठ वन पैदावारको खेति, सहकार्यमूखी वन व्यवस्थापन पद्दति र सा.व.बाट राष्ट्रिय स्तरमा परेको प्रभाव अनुगमनहरू जस्ता लक्षित कार्यक्रम संचालन गर्नु पर्ने कुरा अझै सुधारको विषय रहेको छ । सा.व.बाट प्राप्त लाभको बराबरी बाँडफाँट गर्ने चलनले सा.व.उ.स. भित्र रहेका विभिन्न वर्ग, चाहना तथा आवश्यकता भएका उपभोक्ताहरूको भिन्न भिन्न आवश्यकता तथा प्राथमिकताहरू पुरा नगर्न सक्छ । (Malla *et al.* 2003) ले गरेका अध्ययनमा सा.व.बाट गरीब भन्दा धनीहरू नै बढि लाभान्वित भएको पाइएको छ । वहाँहरूको अध्ययनअनुसार सा.व.को रूपमा हस्तान्तरण हुनु पूर्व सो क्षेत्रबाट सबै वर्गले वन पैदावार सङ्कलन गरेकै हुँदैनन् र सा.व. गठन पश्चात् वन पैदावारको बराबरी बाँडफाँट गर्नाले वनमा पुर्ण रूपमा निर्भर उपभोक्ताहरूको वन पैदावारको आवश्यकता पूर्ति गर्न टाढाको राष्ट्रिय वन क्षेत्रमा जानुपर्ने बाध्यता रहेको पाइयो ।

## एल.एफ.पी.को गरीब केन्द्रित कार्यक्रम

एल.एफ.पी.ले गैर सहकारी संस्था (गै.स.स.) सँगको साझेदारीमा एनिमेशन तथा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यस कार्यक्रमले समुदायमा गरीब तथा पछाडि पारिएका वर्गहरूको सामुदायिक विकासमा निर्णायक सहभागिता तथा गरीबमूखी क्रियाकलापहरूमा आवाज बुलन्द पारी उनीहरूको पक्षमा निर्णय गर्न तथा नीति निर्माण गराउन क्षमता अभिवृद्धि गर्दछ । जिल्लाका गै.स.स.हरूबाट सञ्चालन गरिएको यो कार्यक्रमले फिल्ड स्तरमा सहजकर्ता, सामाजिक परिचालक तथा स्थानीय स्रोत व्यक्तिहरूको माध्यमबाट सहजीकरण गर्ने गर्दछ । सहजकर्ताहरूको क्षमता अभिवृद्धिको लागि यिनीहरूलाई सामाजिक परिचालनसम्बन्धी तालिमहरू दिईन्छ । सामाजिक परिचालकहरूले एल.एफ.पी.को गरीबमूखी तथा सामाजिक समावेशीकरण रणनीति अनुरूप सा.व. प्रक्रियालाई समावेशी बनाउन त्यसका बाधक तत्वहरू पहिचान गरि तिनलाई हटाउन र समावेशीकरणको लागि सहज बातावरण बनाउन मद्दत गर्दछन् ।

## *वन क्षेत्रको विशेष भोगाधिकार सम्बन्धी व्यवस्था*

एल.एफ.पी.ले गै.स.स.सँगको साझेदारीमा कार्यान्वयन गरिरहेको एनिमेशन तथा सामाजिक परिचालन कार्यक्रमले गरीब तथा पछाडि पारिएका वर्गहरूको लागि सा.व. भित्र विशेष भोगाधिकार सम्बन्धी व्यवस्थाका लागि सहजीकरण गरेको छ । विकास सम्बन्धी सरकारी नीतिले गरीब तथा पछाडि पारिएका वर्ग केन्द्रित विकासको लागि जोड दिए पनि सा.व. नीतिमा फरक फरक वर्गको लागि फरक लाभ सम्बन्धी प्रावधानहरू समेटिएका छैनन् । एनिमेशन तथा सामाजिक परिचालन कार्यक्रमले गरीब तथा पछाडि पारिएका वर्गलाई सा.व. कार्यक्रमबाट बढी लाभान्वित पार्नका लागि सा.व.का कम उत्पादनशील क्षेत्रका व्यबस्थापनको जिम्मा तथा विशेष भोगाधिकार उनीहरूलाई सुम्पिनको लागि सहजीकरण गर्दछ । यसबाट जग्गाको दिगो रूपमा सदुपयोग हुन गई एकातिर उत्पादकत्वमा अभिवृद्धि हुन्छ भने अर्कातिर सो क्षेत्रमा भएको उत्पादनबाट उनीहरूलाई आय आर्जन तथा वन पैदावरको आपूर्तिमा समेत टेवा पुग्दछ । सा.व. क्षेत्रमा छुट्टयाइएको जग्गामा डाले घाँस, जडिबुटी, बहुबर्षे नगदेबालीहरूको खेती गर्नाले वन प्रति गरीब तथा पछाडि पारिएका वर्गहरूको अपनत्वमा वृद्धि हुन्छ र सा.व. प्रक्रियामा उनीहरूको सहभागिता अभिवृद्धि हुँदैजान्छ । साथै सो जग्गाबाट प्राप्त थप वन पैदावर उपलब्ध भई मुख्य वन क्षेत्रमा वनमा आश्रित उपभोक्ताहरूको चाप घट्न जान्छ ।

**गरीब वर्गको पहिचान र वन क्षेत्र छुट्टयाउने प्रक्रियाः** गरीब वर्गको लागि जग्गा छुट्याउने कार्यमा लक्षित वर्गको पहिचान एउटा महत्वपूर्ण कार्य हो । सा.व.उ.स.मा सम्पन्नता स्तरीकरणको माध्यमबाट लक्षित वर्गको पहिचान गरिए पनि उपलब्ध जग्गाभन्दा जग्गा पाउन चाहने उपभोक्ताहरूको सङ्ख्या बढी हुन्छ । यसरी छुट्याईएका वर्गहरू मध्ये कसलाई जग्गा दिने र कसलाई नदिने भन्ने बारेमा सा.व.उ.स.लाई सहमत बनाउन उचित किसिमको सहजीकरण को महत्वपूर्ण भूमिका रहन्छ ।

सा.व.को विधान तयारीको क्रममा सहभागितामूलक सम्पन्नता स्तरीकरणको माध्यमबाट गरीब बर्गको पहिचान गरिन्छ भने पुराना समूहहरूमा विधान संशोधन गरी सम्पन्नता स्तरीकरण गरिन्छ । सहभागितामूलक सम्पन्नता स्तरीकरणको आधारमा छुट्टयाइएका गरीब घरधुरीमध्ये चाहना भएका तर आफ्नो जग्गा कम भएका या हुँदै नभएका घरधुरीले वन क्षेत्रको केही भाग पाएमा सो जग्गामा कृषिबन कार्य गरी आफनो जीविकोपार्जनमा सुधार ल्याउने चाहना व्यक्त गरे अनुसार सम्भावित क्षेत्रको पहिचान गरिन्छ । सर्वसम्मतिको आधारमा कस-कसलाई कुन कुन क्षेत्र दिने भन्ने कुराको निधो गरि उपभोक्ताहरूको आमभेलाबाट त्यसलाई पारित गरिन्छ । यसरी छुट्टयाइएको जग्गामा खेती गर्ने गरीब तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरूको एक उपसमूह बनाईने प्रक्रिया जिल्ला वन

कार्यालय (जि.व.का.) र रेन्जपोष्ट (रे.पो.) का कर्मचारीको समन्वयमा गरिन्छ । प्रायः उपभोक्ताका माग भन्दा उपलब्ध क्षेत्र कमि भएकोले यस कार्यक्रममा नसमेटिने उपभोक्ताहरूलाई अन्य गरीबमूखि आय आर्जन क्रियाकलापहरूमा समेटिन्छ । जग्गा छुट्टयाउँदा प्रायः २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको वन क्षेत्र छुट्टयाईन्छ । अन्य आधारहरू तालीका १ मा दिइएको छ । जि.व.का.को सहजीकरणमा जग्गा व्यवस्थापन उपसमूह तथा सा.व.उ.का. बीचमा लाभान्वित वर्गको नाम तथा छनौटका आधारहरू; सा.व. क्षेत्र छनौटका आधारहरू; सा.व. क्षेत्र छुट्टयाउनुको उद्देश्य तथा अवधि; जग्गाको क्षेत्रफल, सिमाना तथा अन्य विवरण; जग्गाको उपयोग सम्बन्धी व्यबस्था (के लगाउन पाउने ?); सा.व. र गरीब वर्गको बीच लाभको बाँडफाँट सम्बन्धी व्यबस्था; जग्गा फिर्ता लिन सक्ने अबस्था; उत्पादनको बजारीकरण सम्बन्धी व्यवस्था आदि लेखिएको एक समझदारी पत्र तयार पारिन्छ र सोहीअनुसार लक्षित उपसमूहले कार्य सञ्चालन गर्ने गर्दछ ।

**तालिका १: सा.व.मा जग्गा छुट्याउने, घरधुरी छान्ने तथा वृक्षारोपण प्रजातीहरू छान्ने सम्बन्धमा अपनाइने आधारहरू**

| वन क्षेत्र छनौट | घरधुरी छनौट | वृक्षरोपण प्रजातिको क्षेत्र |
|---|---|---|
| रूखहरू नभएका क्षेत्र वा कम मात्र रूख भएका क्षेत्र | सम्पन्नता स्तरीकरणबाट छनौट भएका गरीब घरधुरी | छोटो समयमा देखिने फाईदा प्राप्त गर्न सकिने खालका |
| खेती गर्न उपयुक्त क्षेत्र | पछाडि पारिएका वर्ग, गरीब, दलित र महिला | पशुपालनको लागि आवश्यक प्रजाति |
| छनौट गरिएका उपभोक्ताहरूको पायक पर्ने क्षेत्र | जग्गाको क्षेत्रफल अनुसारको घरधुरीको संख्या | बजारमा माग भएका |
| खेतीको लागि आवश्यक सिंचाई तथा सुरक्षा भएको क्षेत्र | उप समूहहरूको लागि आवश्यक कुराहरू जस्तैः नजिकका घरहरू र तिनीहरूबीचको राम्रो अन्तर सम्बन्ध | संलग्न वर्गले सजिलै व्यवस्थापन गर्न सक्ने |
| प्रति घरधुरी २,५०० व.मी. पुग्ने | | बहुवर्षे बिरूवा जस्तै : कुरिलो, टिमुर र फलफूलको बिरूवाहरू |

उदाहरणका लागिः सल्यान जिल्लाको धनवांग गा.वि.स.को तारेपहरा सा.व.उ.स.मा २८ घरधुरीहरू गरीब भनेर सम्पन्नता स्तरिकरणबाट छुट्याइएका छन् । जि.व.का.र एल.एफ.पी.का कर्मचारीहरूको सहजीकरणबाट सा.व.उ.स.ले गरीब घरधुरीका लागि जग्गा छुट्याउन राजी हुँदा उनीहरू मध्येका २० घरधुरीको एउटा अलैंची उत्पादन समूह बनाइयो र एक घरलाई २.२६ हे. बराबरको सा.व.को क्षेत्र छुट्टयाइयो । हाल उनीहरूले त्यस जग्गामा अलैंची रोपि थप आयआर्जन गरेका छन् । सा.व.उ.स. र जग्गा व्यवस्थापन उपसमूहबीच एउटा समझदारी पत्र समेत तयार पारिएको छ ।

**छुट्याइएका जग्गामा भएका अभ्यासहरूः** गरीब तथा पछाडि पारिएका वर्गको लागि छुट्याइएका जग्गा शुरूवातमा डालेघाँस रोपी कृषिवन प्रणालीको रूपमा विकास गरिएको भएता पनि हालका दिनमा गैह्रकाष्ठ वन पैदावारहरू तथा नगदेवालीहरूको पनि खेती गर्ने गरिएको पाइन्छ । पूर्वी पहाडी जिल्लाहरू जस्तै धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभामा यस्ता जग्गाहरूमा प्रायः अलैंचीको खेती गरिएको पाईन्छ । स्थानीय नेपाली कागज उद्योगहरूलाई चाहिने कच्चा पदार्थहरू आपूर्तिको लागि पनि यस्ता जग्गाहरूमा लोक्ता तथा अर्गेलीको उत्पादन समेत गरिएको पाइन्छ । त्यस्तै सिट्रोनेला, लेमन ग्रास, कुरिलो, चिराईतो, सेतो मुस्ली, कालमेघ, टिमुर, लप्सी, रिठा आदीको पनि खेती गरेको पाइन्छ ।

एल.एफ.पी.ले सहयोग गरेका जिल्लाहरूमा ७,३१७ घरधूरी संलग्न भएको कुल ६२१ वटा सा.व.उ.स.हरूमा ६९८ हे. सा.व. क्षेत्र यस्तो प्रयोजनको लागि छुट्याइएको पाइएको छ (तालिका २ हेर्नुहोस्) । संलग्न घरधुरीहरू मध्ये ९६ प्रतिशत अति गरीब तथा गरीब वर्गमा पर्दछन् ।

**तालिका २: एल.एफ.पी. क्षेत्रमा जग्गा छुट्याउने कार्यको प्रगति**

| क्र.स. | क्षेत्र | सा.व.उ.स. संख्या | सा.व.क्षेत्र. (हे.) | जम्मा घरधुरी |
|---|---|---|---|---|
| १. | पूर्व ४ जिल्ला (धनकुटा, भोजपुर, तेह्रथुम र संखुवासभा) | २७४ | ३३६ | २,३०५ (दलित ३४६ जनजाति १,१५१ अन्य ५,०८० |
| २. | पश्चिम ३ जिल्ला (बाग्लुङ्ग, पर्वत र म्याग्दी) | ९५ | १६८.१३ | ८६५ (दलित ४५३, जनजाति १६२, अन्य २,५०० |
| ३. | तराई ३ जिल्ला (नवलपरासी, रूपन्देही र कपिलवस्तु) | १९ | ३०.५८ | ३७४ (दलित ९२, जनजाति १९६ अन्य ८५० |
| ४. | मध्यपश्चिम ५ जिल्ला (दाङ्ग, सल्यान, प्युठान, रूकुम र रोल्पा) | २२३ | १६२.३२ | ३,७७३ (दलित ६३३, जनजाति २,२४७ अन्य ८,९३० |
| | जम्मा | ६२१ | ६९७.०३ | |

*स्रोत: एल.एफ.पी. २००८ (ए)*

## *गरीब तथा पछाडि पारिएका वर्गको सशक्तीकरण*

सामाजिक परिचालन कार्यक्रमले गरीब तथा पछाडि पारिएका वर्गलाई उनीहरूको अधिकार खोज्न, जिम्मेवारी वहन गर्न र न्ययोचित लाभ पाउन सक्ने बनाउनका लागि सहजीकरण गर्ने लक्ष्य लिएको छ । सहजीकरणको माध्यमबाट उपभोक्ताको सोच र आनीबानीमा परिवर्तन ल्याई उनीहरूको स्रोत पहुँचमा अभिवृद्धि ल्याउन प्रयास गरिन्छ । सशक्त उपभोक्ताहरू आफ्ना अधिकार तथा न्यायोचितता प्रवर्धनका लागि सक्षम हुन्छन् भन्ने कुरालाई आत्मसात् गर्दै सशक्तिकरणको लागि घरधुरी भेटघाट, सम्पन्नता स्तरीकरण, उपसमूहको गठन, गरीबमूखी तथा सामाजिक समावेशीकरण तालिमहरू जस्ता क्रियाकलापहरू सञ्चालन गरिन्छ । यस्ता क्रियाकलापहरूबाट गरीब, महिला तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरू संगठित भई नीति आफ्ना पक्षमा पार्न तथा परिवर्तन गर्न प्रयास गर्दछन् ।

तारेपहरा सा.व.उ.स. सल्यानकी गंगावती महरा भन्छिन्, “हामीसँग आफ्नो गुजराको लागि एकदमै कम निजी जग्गा थियो । सा.व.उ.स.ले हामीलाई १० वर्षको लागि केही जग्गा दिँदा हामीले त्यसमा सम्झौतामा तोकिए बमोजिम वनको संरक्षण गर्दै बालीहरू पनि लगाएका छौं । हाल हामीलाई अब हामी सुकुम्बासी होइनौं भन्ने भावनाको विकास भएको छ ।”

## *गरीबमूखी वन सम्वर्धन पद्दति*

शुरूका वर्षहरूमा सा.व.उ.स.हरूले संरक्षणमूखी वन व्यवस्थापन पद्दति अपनाईरहेका थिए किनकी उनीहरूमा वैज्ञानिक वन व्यवस्थापन सम्बन्धी व्यावहारिक सीपको पनि कमी रहेको थियो । उनीहरूले सा.व. संरक्षण मात्र गरी वन पैदावार आवश्यकताको परिपूर्ति नजिकका राष्ट्रिय वन क्षेत्रबाट गर्ने गरेको समेत पाइन्थ्यो । विगत केही वर्षयता संरक्षणमूखी वन व्यवस्थापन हुने सा.व.उ.स.हरू सक्रिय वन व्यवस्थापनतिर उन्मुख हुन थालेका छन् । हालका दिनहरूमा वनको पुनरूत्पादनलाई कायम राख्ने, जैविक विविधता कायम राख्ने, वन पैदावारको परिपूर्तिमा अभिवृद्धि गर्ने, गैह्रकाष्ठ वन पैदावारको दिगो व्यवस्थापनबाट गरीब वर्गको जीविकोपार्जनमा सुधार गर्ने, सा.व. क्षेत्र छुट्टयाई

उद्योगको लागि चाहिने कच्चा पदार्थको आपूर्ति गर्ने जस्ता सक्रिय वन व्यवस्थापनका उद्देश्यहरू पनि सा.व.उ.स.मा रहेका छन् ।

धेरै जसो सा.व.उ.स.हरूले पतल्याउने, हाँगा काट्ने, नचाहिएका प्रजातिहरू हटाउने, नमुना प्लटहरू स्थापना गर्ने जस्ता वन सम्बर्धन कार्यहरू गरेका पाइन्छन् । यस्ता वन सम्बर्धन कार्यहरूले गर्दा वन पैदावारहरूको उपलब्धतामा अभिवृद्धि हुन थालेको छ । साथै यी पैदावरहरूको न्यायोचित बाँडफाँटको माध्यमबाट गरीब र पछाडि पारिएका वर्गको जीविकोपार्जनमा समेत सुधार आएको छ । यो प्रतिफल एल.एफ.पी, जि.व.का. र विभिन्न साझेदारी निकायहरूबाट प्रदान गरिएको सेवाको फलस्वरूप भएको हो । हाल विभिन्न जनचेतना सम्बन्धी कार्य र वन सम्बर्धन स्थलगत कोचिङ्गहरूको माध्यमबाट सा.व.हरूको व्यवस्थापन निर्वाहमूखीबाट सक्रिय व्यवस्थापन तर्फ उन्मुख भएका छन् (Khanal 2002; Singh 2002; Wagle 2002; Neupane 2000; Kanel *et al.* 1999) । एल.एफ.पी.ले गरेको सामाजिक परिचालन पूर्व र पश्चात् सा.व.उ.स. मार्फत् गरिएका वन सम्बन्धी कार्यहरू तालिका ३ मा दिइएको छ ।

**तालिका ३: सा.व.उ.स.हरूबाट गरिएका वन सम्बर्धन कार्यहरू**

| क.सं. | सामाजिक परिचालन कार्यक्रम | |
|---|---|---|
| | लागू हुनु अगाडि | लागू भएपछि |
| १. | संरक्षणमुखी | उत्पादनमुखी |
| २. | नचाहिने प्रजातिको संरक्षण | काम नलाग्ने प्रजाति हटाएको |
| ३. | बुढा तथा रोगी रूखको पनि संरक्षण | बुढा तथा रोगि रूखहरू हटाईएको |
| ४. | ढलापडा रूख मात्र सङ्कलन | दिगो वार्षिक बृद्धिको आधारमा सबै प्रकारको रूखहरू कटान |
| ५. | गैह्रकाष्ठ वन पैदावर व्यवस्थापनको अभाव | गैह्रकाष्ठ व्यवस्थापनको शुरूवात |
| ६. | गरीब तथा पछाडि पारिएका समूहलाई जग्गा छुट्ट्याउने कार्य नभएको | गरीब तथा पछाडि पारिएका समूहलाई जग्गा छुट्ट्याउने कार्यको शुरूवात |

*एल.एफ.पी. २००६*

मध्यपश्चिम क्षेत्रको ५ जिल्ला (रूकुम, रोल्पा, सल्यान, प्यूठान र दाङ्ग) मा यस्ता खालको वन सम्बर्धन कार्यहरू विगत ६ वर्षयता शुरूवात भएको पाइन्छ । तालिका ४ मा यस क्षेत्रका १,७३० सा.व.उ.स.हरूले कूल १,९५,०३३ हेक्टर वन क्षेत्रको सक्रिय व्यवस्थापन गरेको पाईन्छ ।

**तालिका ४: मध्यपश्चिम क्षेत्रमा सक्रिय वन व्यवस्थापन**

| विवरण | जिल्ला | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | दाङ्ग | प्यूठान | सल्यान | रोल्पा | रूकुम | |
| समूह संख्या | ४३७ | ३२४ | ३४५ | ३१८ | ३०६ | १७३० |
| सा.व.को रूपमा हस्तान्तरण गरिएको क्षेत्रफल (हे.) | ९१,००० | ३८,५८१ | ३०,११४ | २३,४१० | ११,९२८ | १,९५,०३३ |
| सक्रिय वन व्यवस्थापन गरिएका सा.व.उ.स.को संख्या | २६५ | १८१ | २५५ | १६५ | १२० | ९८६ |
| व्यवस्थापन गरिएको सा.व. क्षेत्र (हे.) | ७,२२१ | २,००० | २,६४० | ३८९ | ८३७ | १३,०८७ |
| प्रति सा.व.उ.स. व्यवस्थापन गरिएको क्षेत्र (हे.) | २७.२५ | ११.०५ | ७३.९१ | ५१.८९ | ३९.२२ | २०३ |
| व्यवस्थापन गरिरहेका सा.व.उ.स.को प्रतिशत | ६०.६४ | ३१.१ | ५२.६ | ९.९७ | ४२.१ | ५७ |

सल्यान जिल्ला गार्पा गा.वि.स.की एल.आर.पी. कमला घर्ती भन्नुहुन्छ “गार्पा गा.वि.स.को नौलो विकास सा.व.उ.स.मा परम्परागत संरक्षणमूखी व्यवस्थापन हावि भएकाले उनीहरूलाई सक्रिय वन व्यवस्थापनको महत्व तथा फाइदा बुझाउन निकै समय लाग्यो । उनीहरूमा वन व्यवस्थापनको नाममा रूख काट्नु हुन्न भन्ने धारणा हटाउन विभिन्न घरधुरीहरूसँग छुट्टाछुट्टै भेट गरें । फलस्वरूप समितिसँगको सहमतिका आधारमा लागू गरिएको विभिन्न वन सम्बर्धन कार्यको माध्यमबाट त्यो क्षेत्रमा पुनरूत्पादनहरू आउन थाले भने दाउराको उपलब्धतामा अभिबृद्धि भई उनीहरूको दाउरा सङ्कलनमा लाग्ने समयमा बचत भएको पाईएको छ ।” हाल नौलोपाखा सा.व.उ.स.का अध्यक्ष गणेश बुढामगर भन्नुहुन्छ “वन पनि कृषि जस्तै रहेछ, हामीले खेतीपातीमा गोडमेल गरे झैं वनमा पनि गोडमेल गर्दा राम्रो हुने रहेछ ।”

विगतमा सा.व.उ.स.को कार्ययोजना संरक्षणमुखी थियो भने विधानहरू पनि गरीबमूखी थिएनन् । हालका वर्षहरूमा गरिएको विधान/कार्ययोजना संशोधनले सा.व.सँग सम्बन्धित उठिरहेका प्राविधिक तथा सामाजिक दुवै प्रकारका सवालहरूलाई समाधान गर्ने गरेको पाइन्छ । हाल बनाइएका सा.व.उ.स.हरूका विधान तथा कार्ययोजनाहरूमा न्यायोचितता अभिवृद्धि गर्नेगरी विभिन्न प्रावधानहरू समेटिएका छन् । उदाहरणका लागि गरीब तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित वन पैदावारको मूल्य निर्धारणमा विभिन्न वर्गको लागि फरक फरक मूल्य कायम गरिएको छ । कार्य समितिमा गरीब, महिला र दलितको लागि आरक्षणको व्यवस्था गरिएको छ; भवितव्यमा परेका व्यक्ति तथा समुदायलाई वन पैदावार वितरणमा विशेष सहुलियत सम्बन्धी प्रावधान (जस्तैः प्राकृतिक प्रकोप, महामारी, एकल महिला, द्वन्द पिडित आदि) गरिएको छ; आय आर्जनको लागि सा.व.उ.स.को कोषको केहि प्रतिशत रकम गरीबमुखी कार्यमा खर्च गर्ने परिपाटी विकास भएको छ; (PCR 2008)।

हालका दिनहरूमा गरीब तथा पछाडि पारिएका वर्गहरूको सशक्तीकरणमा ध्यान दिईएकोले सा.व.उ.स.को बैठक तथा साधारण सभामा उनीहरूको सहभागिता बढ्दै गएको छ । सल्यान जिल्ला नौलो विकास सा.व.उ.स.का कार्यसमिति सदस्य हरिकला वि.क. भन्छिन् “साझेदारी कार्यक्रमले हामी आफ्नो आवाज समितिमा राख्न सक्ने भएका छौं ।”

सक्रिय वन व्यवस्थापनमार्फत रोजगारीको समेत सिर्जना भएको देखिन्छ । मध्यपश्चिम क्षेत्रको ६१७ सा.व.उ.स.हरूको सङ्कलित तथ्याङ्कबाट सक्रिय वन व्यवस्थापनबाट गरीब वर्गको लागि ७,४२,०८२ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ जुन अन्य वर्गको लागि ६७,४२१ मात्र छ (तालिका ६ मा हेर्नुहोला) । सा.व.उ.स.हरूले गरीबहरूलाई काठ सम्बन्धी काम गर्ने, नर्सरी सम्बन्धी कार्य गर्ने, दाउरा बेचबिखन र खोटो सङ्कलन जस्ता कार्यहरूमा समाबेश गरेका छन् ।

**तालिका ६: आ.व.२०६४/६५ मा मध्य पश्चिमको राप्ती क्षेत्रमा वन सम्बन्धी कार्यबाट सिर्जना भएको रोजगारी**

| कामको प्रकार | सा.व.उ.सको सङ्ख्या | रोजगारी श्रमदिन | | | | | गरीब/अतिगरीब | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अल्पसङ्ख्यक | अन्य | जम्मा | | | |
| वन व्यवस्थापन | ३७० | १,१७,९२१ | २,९०,०२८ | ११,०२५ | १,६४,२४२ | ५,८३,२१६ | ५,४९,२६० | ३३,९५६ | ५,८३,२१६ |
| नर्सरी व्यवस्थापन | ८७ | ३,३७५ | ४४,४११ | २६१ | ८,३६४ | ५६,४११ | ५३,९३० | २,४७१ | ५६,४०१ |
| अन्य | १६० | ५७,६२३ | ६०,४५२ | ० | ७८,२८६ | १,८६,३६१ | १,३८,८९२ | ३०,९९४ | १,६९,८८६ खोटो तथा तत |
| जम्मा | ६१७ | १,७८,९१९ | ३,९४,८९१ | ११,२८६ | २,४०,८९२ | ८,२५,९८८ | ७,४२,०८२ | ६७,४२१ | ८,०९,५०३ |

*स्रोत : एल.एफ.पी. २००८(बी)*

## *वन पैदावारको न्यायोचित वितरण सम्बन्धी संयन्त्र*

सा.व.उ.स.हरूले सम्पन्नता स्तरीकरणबाट पहिचान गरिएका गरीब तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरूलाई विचार गरि न्यायोचित वन पैदावार वितरणको अभ्यास गरेका छन् । यस्ता वितरण प्रणालीहरू मध्ये केही गरीब घरधुरीहरूलाई कम मूल्यमा वन पैदावार उपलब्ध गराउने तथा अति गरीब, एकल महिला र भवितव्यको अवस्थामा परेकालाई निःशुल्क वन पैदावार उपलब्ध गराउने पर्दछन् । उदाहरणका लागी कालिमाटी रामपुरको महिला सा.व.उ.स.मा धेरै बर्ष सम्म वन पैदावारको बराबरी बाँडफाँट हुने गर्थ्यो । हाल उनिहरूले न्यायोचित वितरण प्रणालीको शुरूवात गरेका छन् । काठको पूरा मूल्यको आधा मात्र लिएर अति गरीबलाई उपलब्ध गराउँदै आएका छन् । त्यस्तै सल्यानको बैयादेवी सा.व.उ.स.को सदस्य पार्वती बस्नेत भन्नु हुन्छ "मलाई दुई छाक टार्न समस्या थियो र दुई पैसाको लागि अर्काको घरमा काम गर्थे । सा.व.उ.स.ले मलाई दाउरा बेचेर जिविका चलाउन भनी प्रति भारी रु.१० मा दाउरा दिने गऱ्यो जुन दाउरा म बजारमा प्रति भारी रु.१५० मा बेचेर गुजारा चलाउछु । अब मलाई कसैको घरमा काम गर्न जानपर्दैन ।"

सल्यानमा मात्र कूल २०,७९० घर मध्ये १५,०७६ (७३%) घरहरू न्यायोचित वितरण प्रणालीबाट लाभान्वित भएका छन् जसमध्ये १६% अति गरीबहरू छन् । यदि हामिले गरीब र अति गरीबलाई एक ठाँउमा राख्छौ भने गरीब वर्गले पाउने फाईदा धनी भन्दा बढी हुन्छ । घाँस तथा डालेघाँसहरूबाट गरीबहरू बढी लाभान्वित छन् । गरीबहरूले कूल ८,०८१ भारी घाँस प्रति वर्ष पाउछन् भने धनीको तुलनामा ४५,४६८ भारी बढी दाउरा पाउँछन् जुन जम्मा वितरण गरिएको दाउराको १७% हो (एल.एफ.पी.२००८ सी) ।

### छलफल

एनिमेसन तथा सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट वन व्यावस्थापन तथा लाभांश वितरणमा न्यायोचितता प्रवर्धन गर्न सकिन्छ भन्ने कुरा माथिका छलफलले देखाए तापनि यस्ता कार्यको दिगोपनामा निम्न सवालहरू देखिन्छन् ।

पहिलो सवाल नीतिगत संरचनामा देखिन्छ । गरीबमूखी वन व्यवस्थापनको लागि अहिले सम्म पनि नीतिगत ढाँचाको अभाव रहेको पाईन्छ । उदाहरणको लागि जग्गा छुट्टयाउने कार्यबाट गरीब वर्गले फाइदा पाउन सक्ने देखिए तापनि वन नीतिले सा.व. क्षेत्रमा एक वर्षे बाली लगाउने छुट दिएको छैन । जि.व.का.का कर्मचारीले जग्गामा गरीबहरूलाई उनीहरूको प्राथामिकतामा नपर्ने, धेरै वर्षमा मात्र फाइदा दिने खालका रूखहरू लगाउन दबाव दिन्छन् । वन ऐन २०४९ को धारा ११ मा कुनै पनि व्यक्तिले वन जोत्न, फाँड्न, खन्न, घर छाप्रो बनाउनु हुन्न भन्ने लेखेको छ (वन ऐन २०४९) जसले गर्दा वनको जग्गामा राम्ररी खेती गर्न पाउँदैन । कायक्रम क्षेत्रमा काम गरिरहेका वन प्राविधिकहरूले समेत जग्गा छुट्टयाइएको वन क्षेत्रमा गरिएको अलैंची खेतिले जैविक विविधता घटाउने दाबी गरिरहेका छन् । सरकारको समग्र नीतिले गरीबी न्यूनीकरणलाई एकातिर बढावा दिए पनि व्यवहारमा गरीबहरूले वनमा लगाउन चाहेको कृषिवन प्रणाली लगाउन पाएका छैनन् । धेरैजसोले सरकारले वन क्षेत्र व्यावस्थापनको जिम्मेवारी उपभोक्तालाई दिए पनि त्यसको अधिकार आफूमा राखेको बताउँछन् ।

दोस्रो सवाल भु-स्वामित्वको रहेको छ । सा.व. क्षेत्रमा छुट्टयाइएको जग्गाको स्वामित्वको अनिश्चितता नै सो क्षेत्रमा लगानी बढाउनुमा हिचकिचाउने प्रमुख कारण हो । हाल सा.व.उ.स र गरीब वर्गका उपभोक्ताबीच समझदारी गरेर यो कार्य कार्यान्वयन हुने गरेको भए तापनि यसको कुनै ठोस नीतिगत प्रावधान भएको पाइँदैन । सा.व. भित्र छुट्टयाइएका यस्ता जग्गा प्रति सबै वर्गका उपभोक्ताहरूको बढ्दो मागका साथै स्थानीय दबाब र राजनीतिको कारण यस्तो समझदारी कुनै पनि बेला टुट्न सक्ने सम्भावना रहेको पाइन्छ । गरीबमूखी उत्कृष्ट अभ्यासको दिगोपनाको लागि स्थानिय, जिल्ला तथा राष्ट्रिय स्तरमा उनीहरूको पक्षमा वकालत गर्ने बलियो शक्तिको उपस्थिति भएको पाइँदैन । हालसम्म स्थानीय स्तरमा उपलब्धिहरू हुनुमा एल.एफ.पी.को सामाजिक परिचालन कार्यक्रम र ती मार्फत् गरिएका सहजीकरणहरूको प्रमुख भूमिका रहेको भए तापनि कार्यक्रम सकिएपछि यसलाई कसले र कसरी सहजीकरण गर्ने भन्ने प्रश्न अझै अनुत्तरित नै छ ।

तेश्रो महत्वपूर्ण पक्ष के हो भने सा.व. क्षेत्रमा वातावरणीय तथा आर्थिक रूपमा सामान्य कृषिवन प्रणालीहरू सम्बन्धी खासै अनुसन्धानहरू भएको पाइँदैन । सा.व. क्षेत्रको जग्गा छुट्टयाउने प्रावधानको कानुनी बहस सुरू गर्नु भन्दा पहिले विभिन्न खालका उत्कृष्ट कृषिवन प्रणालीको परिक्षण तथा अनुसन्धान गर्नुपर्ने देखिन्छ । वन क्षेत्रमा राम्ररी फाइदाजनक किसिमले गर्न सकिने सामान्य प्रजातिहरूको खासै पहिचान भएको पनि पाइँदैन ।

**निष्कर्ष**

यस लेखबाट गरीब र गैह्र गरीब बीचको निरन्तर छलफल, सहभागिता र बहसले सा.व. प्रक्रियालाई न्यायोचित बनाउन सकिन्छ भन्ने कुरामा स्पष्ट हुन सकिन्छ । यसै कुरालाई मध्यनजर गर्दै एल.एफ.पी.को एनिमेसन तथा सामाजिक परिचालन कार्यक्रम गरीब तथा पछाडि पारिएका वर्गका लागि सा.व.उ.स. भित्र विशेष भोगाधिकारको व्यवस्था समेत गर्न सफल देखिएको छ । लेखले सा.व. भित्र छुट्याइने जग्गाको प्रभावकारी उपयोगको लागि विभिन्न सरोकारवाला निकायहरूबीचको समन्वय महत्वपूर्ण हुन्छ भन्ने कुरा समेत देखाएको छ । गरीबद्वारा प्राप्त सा.व.को विशेष भू-स्वामित्वले वन पैदावारको उपलब्धता बढाएको देखिएता पनि यस्तो सफलताको लागि सम्बन्धित क्षेत्रमा सक्रिय वन व्यवस्थापनका लागि प्रचार प्रसार, उचित सहजीकरण र स्पष्ट नीतिको आवश्यकता देखिन्छ । सहजीकरणको फलस्वरूप कार्ययोजनामा सुधार, जनचेतना र वन व्यवस्थापन क्षमतामा भएको अभिबृद्धिले गर्दा हालका वर्षमा गरिएका सा.व.उ.स.को विधान नवीकरणले सा.व. प्रक्रियालाई समावेशी तथा न्यायोचित बनाउन सहयोग पुऱ्याएको छ ।

दिगो वन व्यबस्थापन तथा स्पष्ट पारदर्शी र न्यायोचित लाभको बाँडफाँट प्रक्रियामा सा.व.उ.स.हरूलाई अझै सहयोग बढाउनु पर्ने देखिन्छ । यस्ता अभ्यासलाई अन्य क्षेत्रहरूमा पनि विस्तार गर्न सकेमा यसले गरीब तथा वञ्चित वर्गको जीविकोपार्जनमा सुधार ल्याउने सक्ने प्रशस्त सम्भावनाहरू देखिन्छन् । आफ्नो गुजाराको लागि प्राकृतिक स्रोतमा निर्भर हुने गरीब जनतालाई यस्तो व्यवस्थाले सा.व. व्यवस्थापनबाट लाभान्वित हुन मद्दत पुग्ने हुँदा नेपालको कानुनीरूपमा वन क्षेत्रमा पर्ने १०.६ प्रतिशत भूमि झाडी बुट्यान क्षेत्र (NBS 2002; Forest Act 1993) लाई गरीबको लागि छुट्टयाई त्यसको दिगो व्यवस्थापनका लागि आवश्यक सहयोग गरेमा उनीहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिने ठूलो सम्भावना रहेको देखिन्छ (LFP 2004) ।

## सन्दर्भ सामाग्रीहरु

**Adhikari, J.R.** 2001. Community Based Natural Resource Management in Nepal with Reference to Community Forest: A Gender Perspective. *Journal of the Environment,* **6**(7): 9-22.

**HMGN** 2002. *Tenth Five-year Plan (2002-2007).* Kathmandu, Nepal: National Planning Commission.

**Kanel, K., Shrestha, K., Acharya, K.P. & Sharma, R.** 1999. The Bharkhore Community Forest: a Case Study from Nepal. *A paper presented at the Mie Workshop on Case Study on Model Forests for Field-Level Application of Sustainable Forest Management* held in Japan, March 23-27, 1999.

**Khanal, K.P.** 2002. Under Utilisation in Community Forestry: A Case Study from Lalitpur District, *Banko Janakari,* **12**(2): 26-32.

**LFP** 2004a. What is LFP Doing to Achieve and Enhance Good Governance at CFUG and Service Providers' Level? *Note Prepared in a Pre-national Workshop,* Kathmandu, Nepal.

**LFP** 2004b. *Innovations for Pro-Poor Community Forestry: Community Forest Land Allocation*. Kathmandu: Livelihoods and Forestry Programme.

**LFP** 2006. *Pre Mid-Term Review Study of LFP's Sustainable Forest Management Programme*. Kathmandu: Livelihoods and Forestry Programme.

**LFP** 2007. *LFP's Animation and Social Mobilisation: Empowering Local Communities to Access Benefits and Resources*. Kathmandu: Livelihoods and Forestry Programme.

**LFP** 2008a. Annual Report, *Unpublished Report*. Kathmandu, Nepal: Livelihoods and Forestry Programme.

**LFP** 2008b. Synthesis of LFP's SFM Activities, *Unpublished Report*. Kathmandu, Nepal: Livelihoods and Forestry Programme.

**LFP** 2008c. Forest Management REPORT, *Unpublished Report*. Salyan: Livelihoods and Forestry Programme.

**Malla, Y.B., Neupane, H.R. & Branney, P.** 2003. Why aren't Poor People Benefiting more from Community Forestry? *Journal of Forest and Livelihood,* **3**(1): 78-91.

**Neupane, H.R.** 2000. Factors that Influence Poorer Households Access to Forest Products from Community Forests: An Analysis of Decision-making and Benefit Sharing Process, *A thesis submitted for M. Phil*. UK: University of Reading.

**NPC** 2003. *Poverty Reduction Strategy Paper.* Kathmandu: National Planning Commission (NPC).

**NPC** 2007. *Three Year Interim Plan*. Kathmandu: National Planning Commission, Government of Nepal.

**PCR** 2008. *Project Completion Report.* Salyan: Livelihoods and Forestry Programme.

**Singh, V.P.** 2002. Active versus Passive Management: Issues for Sustainable Development of Community Forestry in the Mid-hills of Nepal. *Banko Janakari,* **12**(1): 62-70.

**Springate-Baginski, O., Dev, O.P., Yadav, N.P. & Soussan, J.** 2003b. Community Forest Management in the Middle hills of Nepal: The changing context. *Journal of Forest and Livelihood,* **3**(1): 9-20.

**Timsina, N.P. & Paudel, N.S.** 2003. State verses Community: A Confusing Policy Discourse in Nepal's Forest Management, *Journal of Forest and Livelihood,* **2**(2): 8-16.

**Wagle, S.** 2002. Contribution of Community Forestry to the Livelihood of Local Participants in the Middle Hills of Nepal: A Case Study of Makawanpur District, *An M. Sc Thesis*. Thailand: Asian Institute of Technology, Bangkok.